“मुसिकोट नगरको समृद्धिका आधारः सामाजिक विकास र न्यायसँगै कृषि,उद्योग,पर्यटन र पूर्वाधार”

मुसिकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बामीटक्सार, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

च.नं.: सूचना (२५)

प.सं.:२०८२/०८३

सूचना ! सूचना !! सूचना !!!

मिति : २०८२/०६/०८

मुसिकोट नगरपालिकाको नगर सभाबाट आर्थिक वर्ष २०८२/८३ का लागी स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत यस नगरपालिका क्षेत्रभित्रका विपन्न समुदायका, अति गरीब परिवारहरु, सिमान्तकृत, अल्पसङ्ख्यक, दलित र अपाङ्गता भएका व्यक्तिको परिवारले सुरक्षित आवास निर्माण वा सुधार गर्न तथा जीवनस्तर सुधार्नको लागि स्नानगृह/ भान्साघर/ शौचालय/ घरमा अपाङ्गमैत्री संरचना निर्माण वा सुधार गर्न अनुदान दिनको लागि “गुणस्तरीय जीवनस्तरका लागि आवास सुधार (घर नभएकालाई घर) सहयोग कार्यक्रम” सञ्चालन गरीने भएकोले यस नगरपालिका क्षेत्रभित्र उपरोक्त अनुसारका घरधनीहरुले यस कार्यालयबाट वा वडा कार्यालयबाट आवेदन फाराम प्राप्त गरी आवश्यक विवरण भरी सम्बन्धित वडा कार्यालयको सिफारिस सहित ३० (तिस) दिन भित्र यस कार्यालयमा बुझाउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । साथै म्याद समाप्त भए पछि प्राप्त हुने निवेदन उपर कुनै किसिमको कारवाही नहुने व्यहोरा समेत अनुरोध छ ।

...................

मुना ज्ञवाली

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख
प्रशासकीय अधिकृत

# <u>लाभग्राहीले दिने निवेदन</u>

मिति :

श्री संयोजकज्यू,
लगत संकलन तथा सिफारिस समिति,
मुसिकोट नगरपालिका ,वामीटक्सार,गुल्मी ।

<u>विषयः आवास क्षेत्र तथा शौचालय सुधार सहयोग कार्यक्रममा समावेश गरीदिने सम्बन्धमा ।</u>

उपर्युक्त विषयमा गुणस्तरीय जीवनस्तरका लागि आवास क्षेत्र तथा शौचालय सुधार सहयोग कार्यक्रम अन्तर्गत ताँहा कार्यालयको मितिः...........................................मा प्रकाशित सूचना अनुसार लक्षित वर्ग एवं लाभग्राही छनौटका आधारहरु भित्र मेरो घरपरिवार पनि पर्ने भएकोले मेरो घरको स्थलगत निरिक्षण गरी मेरो घरपरिवारलाई सुरक्षित आवास/ स्नानगृह/ भान्साघर /शौचालय/ घरमा अपाङ्गमैत्री संरचना निर्माण / सुधारको लागि आवश्यक व्यवस्था मिलाइदिनु हुनको लागि तपसिलका कागजातहरू यसै निवेदन साथ संलग्न गरी यो निवेदन पेश गरेको छु । मैले पेश गरेको प्रमाणहरू सही छ, झुठ्ठा ठहरे कानून वमोजिम सहुँला बुझौंला ।

तपसिलः

| क.श. | संलग्न कागजातहरुको विवरण | कैफियत |
|---|---|---|
| १ | नागरीकता प्रमाणपत्रको प्रतिलिपि | |
| २ | लाभग्राही बसोबास गर्दै आएको घर/छाप्रो छाना पराल/खर/ स्याउला आदि आगो, पानी तथा हुरीबाट सहजै प्रभावित हुनसक्ने सामाग्रीबाट छाएको पुष्टि हुने प्रमाणित कागजात। (राज्य सुविधा परिचय पत्र प्राप्त गरेको/ सोको सुचीमा सुचीकृत भएको) | |
| ३ | गरीबीको रेखामुनी रहेका आफैंले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरीरहेको घरपरिवार भएको प्रमाणित प्रतिलिपि । | |
| ४ | जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा बिजुली, धारा या अन्य सुविधा शुल्क बुझाएको प्रमाणको प्रतिलिपि । | |
| ५ | विगत २ वर्ष देखी त्यस स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाणको प्रमाणित प्रतिलिपि । | |
| ६ | प्रकोपका कारण घरवारविहीन भएको हकमा वडा कार्यालयको सिफारिसको प्रमाणित प्रतिलिपि | |
| ७ | सिमान्तकृत, अल्पसङ्ख्यक र दलित प्रमाणित हुने कागजातको प्रतिलिपि (त्यस्तो परिवार भएको हकमा मात्र) | |
| ८ | अपाङ्ग परिचय पत्र (परिवार सदस्य मध्ये कुनै सदस्य “क” वर्गको वा पूर्ण दृष्टिविहिन अपाङ्ग भएमा) | |
| ९ | सम्बन्धित वडा कार्यालयको सिफारिस | |

निवेदकको :

दस्तखत : .......................................

नाम थर : ...............................................................

बाबु/पति/पत्नीको नाम : ...........................................

बाजे/ससुराको नाम : ................................................

सम्पर्क मोबाईल नं. : .................................................

टोलवस्तिको नाम : .................................................

| निवेदकको औंठा छाप | |
|---|---|
| दायाँ | बाँया |
| | |